१४. नियम बनाउने अधिकार:– यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्ने छ ।

१५. बाझिएमा गर्ने:– यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरूमा लेखिएको कुरामा यही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

इति सम्वत् २०१९ साल गते रोज शुभम् – – –

लालमोहर सदर मिति ०१९।९।२९।१

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०१९ सालको ऐन नं. ३३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अति प्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## नेपाल मुद्रा ऐन

प्रस्तावना:– मुद्रा र टक्सार सम्बन्धी कुरालाई व्यवस्थित र कानूनी मान्यता प्राप्त गराउनको निमित्त व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

## परिच्छेद–१

### प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:– (१) यस ऐनको नाम "नेपाल मुद्रा ऐन, २०१९" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः— विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) "आकृति बिग्रेको (डिफेस्ड)" भन्नाले चोइटा उडेको, रेतेको, पिटिएको, खिइएको वा यस्तै अरू किसिमले मुद्राको सतह र आकारमा फरक परेकोलाई सम्झनु पर्दछ ।

(ख) "टक्सार" भन्नाले श्री ५ को सरकारले खडा गरेको टक्सारलाई सम्झनु पर्दछ ।

(ग) "हद" भन्नाले खास तौल (स्टाण्डर्ड वेट) र निस्तुक भाग (फाइननेस) देखि तोकिएको घटी वा बढीलाई सम्झनु पर्दछ ।

(घ) "खास तौल" भन्नाले कुनै मुद्राको तोकिएको तौललाई सम्झनु पर्दछ ।

(ङ) "निस्तुक भाग" भन्नाले सो मुद्रा बनाउँदा त्यसमा तोकिए बमोजिम धातु वा धातुहरूको परिमाणलाई सम्झनु पर्दछ ।

(च) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्दछ ।

## परिच्छेद २

### टक्सारको स्थापना र खारेजी

३. टक्सारको स्थापना र खारेजीः— श्री ५ को सरकारले ने–ल गजेटमा सूचना प्रकाशित गरी टक्सार नभएको ठाउँमा टक्सार स्थापित गर्न वा भएको टक्सारलाई खारेज गर्न सक्ने छ ।

## परिच्छेद–३

### टक मार्ने

४. स्वदेशी मुद्रा टक मार्नेः— श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोके बमोजिम जुनसुकै मूल्य, नाप, खास तौल, हद, डिजाइन र धातुको वा जुनसुकै निस्तुक भाग मिश्रण भएको धातुको मुद्रा वा मुद्राहरू चलन चल्तीको निमित्त वा मुद्रा संकलन गर्नेहरूको मांग पूर्तिको निमित्त टक्सारमा टकमरी गराउन सक्ने छ ।

५. विदेशी मुद्रा टक मार्नेः— श्री ५ को सरकारको अतिरिक्त अरू कुनै पनि विदेशी सरकारले यस ऐन अन्तर्गत स्थापित भएको टक्सारमा टकमरी गराउन पठाएको मुद्रा टकमरी गर्न यस ऐनले वाधा पुऱ्याएको मानिने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–४

### मुद्रा सम्बन्धी व्यवहार

६. मुद्राहरू चलन चल्तीमा व्यवहार गर्ने:– श्री ५ को सरकारले दफा ४ बमोजिम चलन चल्तीमा ल्याएको जर्मन सिल्भर, तामा र पित्तलको मुद्राहरू र देहायमा लेखिए बमोजिमका अरू मुद्राहरू समेत आकृति बिग्रेको नभएमा देहायका दरले चल्ती र लेनदेन गर्नुपर्दछ :–

(१) मुद्राको घटीमा खास तौलको सयकडा ४ चारभन्दा बढी तौल घटी नसकेकोमा,

(क) एक रुपैयाँ र पचास पैसे जतिसुकैको,

(ख) पच्चीस पैसे र बीस पैसे एक रुपैयाँसम्मको, र

(ग) सोभन्दा कम मूल्यको मुद्राका हकमा बढीमा एक रुपैयाँसम्मको।

(२) २०१० साल फाल्गुन ७ गते अघि चलन चल्तीमा ल्याएको चांदीको मुद्राहरू खास तौलको सयकडा २ दुईभन्दा बढी तौल घटी नसकेकोमा,

(क) रुपैयाँ र पचास पैसे जतिसुकैको, र

(ख) पच्चीस पैसे र बीस पैसे एक रुपैयाँसम्मको।

(३) २०१० साल फाल्गुन ७ गतेदेखि २०१९ सालसम्म टकमरी भएको क्यूप्रोनिकेलको मुद्राहरू खास तौलको सयकडा ४ चारभन्दा बढी तौल घटी नसकेकोमा,

(क) एक रुपैयाँ र पचास पैसे जतिसुकैको, र

(ख) पच्चीस पैसे र बीस पैसे एक रुपैयाँसम्मको।

## परिच्छेद–५

### मुद्रा खिच्ने र खोटो तुल्याउने

७. मुद्रा खिच्ने:– श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी कुनै पनि साल र मूल्यांकको मुद्रा खिच्न सक्ने छ र सो सूचनामा तोकिदिएको मितिपछि यस्तो मुद्रा चलन चल्तीमा रहने छैन।

८. मुद्रा काट्ने वा फुटाउने:– श्री ५ को सरकारले टकमरी गराई दफा ४ बमोजिम चलन चल्तीमा ल्याएको मुद्राहरूमा देहायमा लेखिए बमोजिमको त्रुटी छ भन्ने विश्वास हुने कारण भएमा श्री ५ को सरकारले यसै कामको निमित्त नियुक्त गरेका अधिकारीले सो मुद्राहरू काट्न अथवा फुटाउन लगाउने छन्:–

(क) मुद्राको खास तौलको मनासिव माफिकको खियाइबाट हुने तोकिएको सयकडा घटी हदभन्दा बढ्ता तौल घटिसकेको, र

(ख) आकृति बिग्रेको।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. मुद्रा काट्ने र फुटाउने:– दफा ८ को खण्ड (क) र (ख) बमोजिम मुद्रा काट्ने अथवा फुटाउने अधिकारीले देहाय बमोजिमको कार्यविधि अपनाई मुद्रा काट्ने वा फुटाउने छन् :–

(क) मुद्राको खास तौलको मनासिवमाफिकको खियाइबाट हुने तोकिएको सयकडा घटी हदभन्दा तौल घटिसकेको छ तर तोकिन सकिने बढी सयकडा हदभन्दा घटी छन भने अधिकारीले टुक्राहरू मुद्रा बुझाउनेलाई फिर्ता दिनेछ वा मुद्रा बुझाउनेले अनुरोध गरेमा निजलाई अधिकारीले काटे वा फुटाएको टुक्राहरूको मोल तोकिएको दरमा दिनेछ ।

(ख) मुद्रा तोकिएको खास तौलभन्दा बढी सयकडा हदभन्दा तौल घटिसकेको छ भने अधिकारीले सो काटे फुटाएका टुक्राहरू मुद्रा बुझाउनेलाई फिर्ता दिनेछ र यसरी काट्दा र फुटाउँदा भएको नोक्सानी मुद्रा बुझाउने व्यक्तिले नै व्यहोर्ने छ ।

(ग) कपट पूर्वक वा जानी जानी मुद्राको आकृति बिगारेको हो भनी निश्चय गर्ने कारण भएमा अधिकारीले त्यस्तो मुद्रा काटेको टुक्राहरू मुद्रा बुझाउने व्यक्तिलाई फिर्ता दिने छन् र मुद्रा काटे वा फुटाएको ेक्सानी त्यसरी मुद्राको आकृति बिगार्ने व्यक्तिले नै व्यहोन छ ।

(घ) कपटपूर्वक वा जानी जानी मुद्राको आकृति बिगारेको हो भनी निश्चय गर्ने कारण नभएमा अधिकारीले मुद्रा बुझिलिई मु ा बुझाउने व्यक्तिलाई तोकिए बमोजिमको मोल भुक्तानी दिने छन् ।

तर, मुद्रा चलन चल्तीका कारणबाट खिइएको भन्ने निश्चय गर्ने कारण भएमा सो आकृति कपटपूर्वक वा जानी जानी बिगारेको मानिने छैन ।

## परिच्छेद–६

### विविध

१०. नियम बनाउने अधिकार:– (१) यस ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकार ले नियम बनाउन सक्ने छ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा कुनै [प्रतिकूल प्रभाव नपारी ती ।नयमहरूमा देहायको व्यवस्था गर्न सकिने छ:–

(क) दफा ८ र ९ बमोजिम मुद्रा काट्ने वा फुटाउने अधिकारीको नियुक्ति र कार्यविधि नियमित गर्ने,

(ख) मुद्राको तौलको बढी र घटी सयकडा हद तोक्ने, र

(ग) मुद्राहरूको मोल भुक्तानी दिने ादर नोक्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।